**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २१ अप्रेल २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदीले आज राष्ट्रिय सिविल दिवसको अवसरमा सबै सिविल सेवक हरूलाई शुभकामना दिनु भएको छ।

- पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको प्रचार आज साँझ समाप्त भएको छ ।

- केन्द्रीय गृहमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता अमित शाहले आज सुकना खेल मैदानमा एक जनसभामालाई संबोधित गर्दै पश्चिम बंगालमा भाजपा सत्तामा आएको छ महिना भित्र गोर्खाहरुको दीर्घकालिक माग पूरा गरिने बताउनुभएको छ |

- पश्चिम बंगाल विधानसभा चुनाव प्रचार बीच तृणमूल कांग्रेस प्रमुख तथा मुख्यमंत्री ममता बनर्जीले भाजपा अनि केंद्रीय एजेंसिहरु माथि तीखो हमला गर्नुभएको छ ।

- पश्चिम बंगाल विधानसभा चुनाव 2026 को पहिलो चरणको मतदान अघि निर्वाचन आयोगले राज्यका छ जिल्लाहरूलाई विशेष निगरानीमा राखेको छ।

- विधानसभा चुनावको पहिलो चरणको प्रचारको आज अन्तिम दिन दार्जीलिंग अनि कालेबुंग जिल्लामा बिभिन्न राजनीतिक दलहरुले जनसभा अनि पथसभा आयोजन गरे |

**<u>राष्ट्रपति - सिविल सेवा दिवस</u>**

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदीले आज राष्ट्रिय सिविल दिवसको अवसरमा सबै सिविल सेवक हरूलाई शुभकामना दिनु भएको छ। सोशल मीडिया पोस्टमा राष्ट्रपति मुर्मुले भन्नुभयो सिविल सेवकहरूको प्रतिबद्धताले उत्तरदायी शासनलाई मजबुत गर्न र सार्वजनिक संस्थानहरूलाई सुदृढ पार्न महत्त्वपूर्ण भूमिका खेल्दछ। उपराष्ट्रपति सीपी राधाकृष्णनले सिविल सेवकहरूको समर्पण र राष्ट्र प्रति उनीहरूको अनुकरणीय सेवाको सराहना गर्नुभएको छ। उहाँले भन्नुभयो यस वर्षको विषय, 'विकसित भारत: नागरिक-केन्द्रित शासन र अन्तिम माइल विकास', विकसित भारत 2047 को विजन अनुरूप छ अन्तिम माइलसम्म सेवाहरुको पहुँच र समावेशी वृद्धिमा विशेष जोड दिनका साथ पारदर्शी, जवाफदेही र नागरिक-केन्द्रित शासन प्रति सरकारको प्रतिबद्धतालाई दर्शाउँछ । प्रधानमन्त्री नरेन्द्र मोदीले यो सुशासन र राष्ट्र निर्माणको दिशामा काम गर्ने संकल्पलाई अझ बलियो बनाउने अवसर भएको बताउनुभयो।

**<u>पश्चिम बंगाल-चुनाव प्रचार</u>**

पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको प्रचार आज साँझ समाप्त भयो। अन्तिम दिन, केन्द्रीय गृहमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता अमित शाहले पश्चिम वर्धमानको कुल्टीमा एक विशाल रैलीलाई सम्बोधित गर्नुभयो।उहाँले सत्तारुढ तृणमूल कांग्रेसमाथि तीखो हमला गर्दै, मुख्यमन्त्री ममता बनर्जीको सरकारमा व्यापक भ्रष्टाचार र अराजकता रहेको आरोप लगाउनुभयो। श्री अमित शाहले राज्यमा महिलाहरू असुरक्षित रहेको दाबी गर्नुभयो र उनीहरू विरुद्ध बारम्बार भइरहेका हिंसाका घटनाहरूलाई उद्धृत गर्दै मुख्यमन्त्रीले यस्ता असफलताहरूमा लज्जित हुनुपर्ने बताउनुभएको छ।श्री अमित शाहले कुनै पनि कल्याणकारी योजना बन्द गरिने छैन भन्ने आश्वासन पनि दिनुभयो।उहाँले कडा चेतावनी दिँदै घोषणा गर्नुभयो कि मतगणना पछि, यदि भाजपाले सरकार बनायो भने, भ्रष्ट नेताहरूलाई जेल पठाइनेछ।यस अघि श्री अमित शाहले आज सिलिगुडीको सुकना खेल मैदानमा एक जनसभामालाई संबोधित गर्दै भन्नु भयो। पश्चिम बंगालमा भाजपा सत्तामा आए पछि छ महिना भित्र गोर्खाहरुको दीर्घकालिक माग पूरा गरिनेछ उहाँले संविधानको दायरा भित्ररहेर पहाँडका सबैले मनपराउने खालको समाधान गरिने विश्वास व्यक्त गर्नु भयो। बाईट शाह उहाँले भन्नु भयो दार्जिलिंग पहाड़ तथा उत्तर बंगालको समतलसित ममता ब्यानर्जीको सरकारले विगत 15

वर्ष देखि अन्याय गरि रहेकोछ। उहाँले अझ भन्नु भयो - उत्तर बंगाल तथा गोरखाको न्याय केवल भाजपाले मात्र गर्न सक्ने बताउनु भयो।

बाईट ओशोक

श्री शाहले अझ भन्नु भयो भाजपा सत्तामा आएपछि राज्यमा युनिफर्म सिविल कोड- समान नागरिक संहिता लागु गरिनेछ। एसआईआर बारे बोल्दै राज्यका केहि सरकारी कर्मचारीहरूले गोरखाहरूको नाम मतदाता सूचिबाट काटेको उहाले आरोप लगाउनुभयो र भाजपा सत्तामा आए नाम काटिएकाहरूको नाम फेरी मतदाता सूचिमा सामेल गरिने उहाले बताउनुभयो ।

अर्कोतर्फ, तृणमूल कांग्रेस प्रमुख तथा पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले हल्दियामा एक जनसभालाई सम्बोधन गर्दै भाजपाले झूटा वाचा गरेको आरोप लगाउनुभएको छ। कांग्रेस, वामपंथी र अन्य दल पनि राज्य भरि आ-आफ्नो उम्मीदवारहरुको समर्थनमा प्रचार गरे।

**ममता बनर्जी**

पश्चिम बंगाल विधानसभा चुनाव प्रचार बीच तृणमूल कांग्रेस प्रमुख तथा मुख्यमंत्री ममता बनर्जीले आज पूर्व मिदनापुरको हल्दियामा जनसभालाई संबोधित गर्दै भाजपा अनि केंद्रीय एजेंसिहरु माथि तीखो हमला गर्नुभयो । प्रशासन अनि पुलिस माथि दबाव बनाएर एक पक्षको लागि काम गराई रहेको उहाले आरोप लगाउनुभयो । ममता बनर्जीले भन्नुभयो कि उहाले कहिले पनि पुलिसलाई कुनै पार्टीको पक्षमा काम गरेको देख्नुभएको थिएन तर अहिले सबै एकजुट भएर भाजपाको लागि काम गरिरहेको उहाले आरोप लगाउनुभयो । उहाले अधिकारिहरुको स्तान्नान्तरणको आरोप लगाउदै भन्नुभयो कि राज्यका धेरै अधिकारिहरुलाई हटाएर बाहिरका मानिसहरुलाई ल्याएको छ ।

**रेखा गुप्ता चुनाव प्रचार**

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले राज्यका जनताले यस पटक 'कमल' चिन्ह भएको सरकारलाई सत्तामा ल्याउन तयार रहेको बताउनु भएको छ।पत्रकारहरूसितको कुराकानीमा उहाँले मतदानको तारीख नजिकिँदै जाँदा उहाँको पार्टीको आत्मविश्वास लगातार बढ्दै गएको बताउनुभयो।उहाँले आरोप लगाउँदै भन्नुभयो बंगालका जनताले विगत 15 वर्षमा भय र दबाबको राजनीति देखेका छन्, त्यसैले अब जनताले परिवर्तन चाहन्छन्।उहाँले विशेषगरि महिलाहरुको सुरक्षालाई लिएर चिंता व्यक्त गर्दै भन्नुभयो राज्यमा भयको वातावरण छ।दिल्लीकी मुख्यमंत्रीले राज्यमा भ्रष्टाचारको मुद्दा पनि उठाउनुभयो।

**BGPM- परिवर्तन यात्रा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले खरसाङमा विचारको परिवर्तन यात्रा नाम दिएर आज चुनाव प्रचार प्रसारको अन्तिम दिन विराट रैलीको आयोजना गर्‍यो । रैली खरसाङको मोटर स्ट्याण्डबाट शुरु भएर हिल कार्ट रोड हुँदै खरसाङ महकुमा अस्पताल मोड हुँदै वर्ध्दमान रोड भएर पुनः मोटर स्ट्याण्डसम्म आयोजना गरिएको थियो । रैलीमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रीय संस्थापक अध्यक्ष अनित थापा, खरसाङ विधानसभा समष्टिको उम्मेद्वार अमर लामा, जीटीएको डेपुटी चेयरम्यान राजेस चौहान, सभादहरु, जनप्रतिनिधिहरु, पार्टी कार्यकर्ताहरु उपस्थित रहेका थिए। रैली खरसाङको मोटर स्ट्याण्डमा आएर चुनावी पथसभामा परिणत भएको छ। चुनावी पथ सभालाई भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ महकुमा समितिको सचिव एवं सभासद प्रणाम रसाइलीले सञ्चालन गरेका थिए। सभालाई भागोप्रमोको उम्मेद्वार अमर लामा र भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रीय संस्थापक अध्यक्ष अनित थापाले सम्बोधन गरेका थिए।

**अनित प्रतिक्रिया**

भाजपा नेता तथा गृहमन्त्री अमित शाहले आज सिलिगुडीमा बङ्गालमा भाजपा सत्तामा आयो भने विशेष गहन पुनरीक्षण"एसआईआर मा नाम छुटेका गोर्खाहरूलाई एक–एक गरी फेरि मतदाता सूचीमा समावेश गरिने घोषणा गरिएको विषयमा जी टी ए प्रमुख कार्यपाल अनित थापाले प्रतिक्रिया दिँदै, "गोर्खाहरूको नाम एसआईआरमा भारतीय जनता पार्टीले नै काटेको प्रमाणित भएको छ," भन्ने स्पष्ट भएको बताउनु भएको छ।उहाँले गोर्खा समुदायलाई मताधिकारबाट वञ्चित गर्ने प्रयास भएको दाबी गर्नुभयो।

बाईट

खरसाङ विधान सभाका इन्डियन गोर्खा जनशक्ति फ्रन्टका उम्मेदवार बन्दना राईले 100 दिने काम जुन दार्जिलिङका सांसद राजू बिष्टले 5 बर्षसम्म रोकेर श्रमिक वर्ग, मजदुरवर्ग र खटी खाने युवाहरूको पेटमा लात हान्ने काम गरेको छ, भन्दै यस चुनावमा उनलाई विजयी बनाएर विधायक बनाएका खण्डमा यो काम 100 दिन भित्र शुरु गर्ने वाचा गरेकी छन्।

**कालेबुङ रूदेन**

कालेबुङमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका उम्मेद्वार रूदेन सादा लेप्चाले आज एक विशाल र्‍याली तथा पथसभा गर्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले समसामयिक राजनीतिक विषयहरूमा आफ्नो धारणा व्यक्त गर्नुभयो। पत्रकारहरुसितको

कुराकानीमा लेप्चाले गृहमन्त्री अमित शाहले गोर्खा समुदायको मुद्दा केवल पाँच वर्ष अघिको मात्र रहेको भन्ने अभिव्यक्तिको कडा खण्डन गर्नुभयो।

**निर्वाचन आयोग जिल्ला निगरानी**

पश्चिम बंगाल विधानसभा चुनाव 2026 को पहिलो चरणको मतदान अघि निर्वाचन आयोगले राज्यका छ जिल्लाहरूलाई विशेष निगरानीमा राखेको छ। आयोगले यी जिल्लाहरूलाई अति संवेदनशील श्रेणीमा चिह्नित गरेको छ। निर्वाचन आयोगका सूत्रहरुले बताए अनुसार विशेष निगरानीमा रहेका जिल्लाहरूमा मालदा, मुर्शिदाबाद, वीरभूम, पश्चिम मेदिनीपुर, पश्चिम वर्धमान र उत्तर दिनाजपुर सामेल छन्,। सूत्रहरु अनुसार आयोगका अधिकारीहरूले बंगालमा विगत 15 वर्षको चुनावी इतिहासको समीक्षा गरेका छन्। यस पटक कुनै पनि प्रकारको विवाद, हिंसा र अशान्ति रोक्न कडा कदम चालिने निर्णय गरिएको छ।

**वेबकास्टिङ व्यवस्था**

पश्चिम बंगालमा पहिलो चरणको मतदानलाई ध्यानमा राख्दै, सबै मतदान केन्द्रहरूमा वेबकास्टिङ व्यवस्थाको सुचारु सञ्चालनको ट्रायल रन आज देखि सुरु हुँदैछ।यो प्रक्रिया राज्यको मुख्य निर्वाचन अधिकारीको कार्यालयबाट सञ्चालन गरिनेछ।मतदानको दिन बुथबाट प्रत्यक्ष प्रसारण सुनिश्चित गर्न केन्द्रीय बल, कोलकाता पुलिस, राज्य पुलिस र निर्वाचन आयोगका प्रतिनिधिहरूले मिलेर काम गर्नेछन्।यस पहलको उद्देश्य बुथ स्तरीय निगरानीलाई सुदृढ पार्नु र पारदर्शी मतदान प्रक्रिया सुनिश्चित गर्नु हो। निर्वाचन आयोग दिल्ली से इस ट्रायल रन के हर चरण की स्वयं निगरानी करेगा। निर्वाचन आयोगले दिल्लीबाट यस ट्रायल रनको हरेक चरणको स्वयं निगरानी गर्नेछ।

**बाइक निषेध**

पश्चिम बंगाल विधानसभा चुनाव 2026 को मद्देनजर चुनाव आयोगले मतदानको दुई दिन अगाडि बाइक चलाउन माथि कडा प्रतिबन्ध लगाएको छ।आयोगले आज जारी गरेको अधिसूचनामा मतदान अघि कुनै पनि प्रकारको बाइक र्‍याली गर्न अनुमति नदिने बताएको छ।साथै, साँझ 6 बजेदेखि बिहान 6 बजेसम्म बाइक चलाउन निषेध गरिनेछ। मतदानको दिन पनि बाइक प्रयोगको लागि धेरै नियमहरू पालना गर्नुपर्नेछ।आयोगले स्पष्ट पारेको छ कि यी प्रतिबन्धहरू आपात स्थिति जस्तै चिकित्सा कार्य, पारिवारिक आवश्यकता वा नानीहरुलाई विद्यालय लैजानु लागू हुनेछैन।आयोगले स्वतंत्र र निष्पक्ष मतदान सुनिश्चित गर्नका लागि यी नियमहरुको कढाईका साथ पालन गर्न भनेको छ।

**माइक्रो ऑब्जर्वर**

विधानसभा चुनाव 2026 लाई लिएर प्रशासन पूर्ण रुपमा सतर्क रहेको छ अनि सक्रिय नजर राखिरहेको छ । निष्पक्ष, पारदर्शी अनि शांतिपूर्ण मतदान सुनिश्चित गर्ने उद्देश्यले चुनाव प्रक्रियाको प्रतेक चरण माथि कडा निगरानी रखिन्दैछ । यसै क्रममा माइक्रो ऑब्जर्वरहरुलाई उनीहरुको कर्तब्य अनि दायित्वहरु बारे अवगत गराउन विस्तृत प्रशिक्षण कार्यक्रम आयोजित गरियो ।

**शंकराचार्य जयन्ती – श्रद्धाञ्जलि**

आदि शंकराचार्यको जयन्तीको शुभ अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले महान दार्शनिक तथा आध्यात्मिक गुरु आदि शंकराचार्यलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो । सामाजिक सञ्जाल प्लेटफर्म एक्समा आफ्नो सन्देशमा प्रधानमन्त्रीले आदि शंकराचार्य भारतका महान् आध्यात्मिक विभूतिहरूमध्ये एक भएको बताउनुभयो |

**मौसम**

मौसम विभागले कोलकाता र वरपरका क्षेत्रहरूको लागि आगामी 24 घण्टाको पूर्वानुमान जारी गरिएको छ। पूर्वानुमान अनुसार, आज देखि भोली बिहान सम्म शहरमा आंशिक रूपमा बादल छाई रहने संभावना छ।साथै, उप-हिमालयी पश्चिम बंगाल र सिक्किम क्षेत्रका कैयन स्थानहरूमा हल्का देखि मध्यम वर्षा वा हिमपातको संभावना रहेको छ।दार्जिलिंग, जलपाईगुड़ी र कालिम्पोंग जिल्लाका कैयन स्थानहरुमा वर्षा हुने सम्भावना छ।

**********